नेपाल सरकार
शिक्षक सेवा आयोग

**स्वीकृति मिति २०८१/०३/१७**

**निम्नमाध्यमिक** तृतीय श्रेणीको प्रतियोगितात्मक **विषयगत** लिखित परीक्षा व्यवस्थापन
स्वतन्त्र विज्ञबाट परीक्षा अनुगमनको संयन्त्र सञ्चालन

# परीक्षा अनुगमन कार्य व्यवस्थाको मापदण्ड
# (Monitoring Operation Standard), २०८१

भाद्र ०५, २०८१

नेपाल सरकार
शिक्षक सेवा आयोग
सानोठिमी, भक्तपुर

| निम्नमाध्यमिक तृतीय श्रेणीको प्रतियोगितात्मक विषयगत लिखित परीक्षा केन्द्रको स्वतन्त्र विज्ञबाट अनुगमनको संयन्त्र सञ्चालन | | |
|---|---|---|
| परीक्षा अनुगमन कार्य व्यवस्थाको मापदण्ड (Monitoring Operation Standard), २०८१ | | |
| क्र. सं. | शिर्षक | विषय |
| १ | विषय सन्दर्भ | क) शिक्षक सेवा आयोगबाट सञ्चालन गरिएका शिक्षक छनोटका प्रतियोगितात्मक परीक्षाहरुको समग्र व्यवस्थापनको काम आयोगबाट, परीक्षा सञ्चालन एवम् समन्वयको काम सम्वन्धित शिक्षा विकास तथा समन्वय इकाइबाट र केही परीक्षा केन्द्रहरुमा सामान्य निरीक्षणको कार्य आयोगका आन्तरिक जनशक्तिबाट सम्पादन गरिदै आइएकोमा परीक्षाको अनुगमन कार्य सञ्चालन गर्ने कुनै पनि संयन्त्र एवम् संरचना नरहेको अवस्था रहेको छ।<br>ख) यस सन्दर्भमा शिक्षक छनोट जस्तो संवेदनशील र दीर्घकालीन महत्वको कार्य अन्तर्गतका सम्पूर्ण श्रृङ्खलामा विशिष्ट प्रकारको गुणस्तर र त्रुटिशुन्यता कायम गर्न अपरिहार्य भएकाले स्वतन्त्र विज्ञबाट प्रत्येक परीक्षा केन्द्रमा नियमित अनुगमन र निगरानी कार्य सम्पादन गरी त्यसको प्रतिवेदन सोझै आयोगले प्राप्त गर्ने औपचारिक सम्यन्त्र स्थापना गर्न वाञ्छनीय भएकाले प्रस्तावित कार्यविवरण सहित विज्ञ जनशक्ति परिचालनको प्रबन्ध गर्नु परेको हो । यस्तो कार्य हाल **निम्नमाध्यमिक** तहको प्रतियोगितात्मक लिखित तर्फको **विषयगत** परीक्षामा समेत निरन्तर गर्ने व्यवस्था मिलाइएको छ। |
| २ | विज्ञको मापदण्ड र छनोट प्रकृया | क) शिक्षा सेवाबाट हालसालै निबृत्त स्थानीय रुपमा वा नजिकको दुरीमा आसपासको जिल्लामा वसोवास गर्ने सहसचिव वा उपसचिव कर्मचारी अथवा विश्वविद्यालयका क्याम्पसमा कार्यरत शिक्षा शात्रका उप/सह/प्राध्यापक अथवा हालसालै निबृत्त माध्यमिक प्रथम श्रेणीका शिक्षकमध्ये शिक्षा विकास तथा समन्वय इकाइबाट विज्ञ छनोट छनोट गर्ने र परीक्षा समन्वय समितिबाट निर्णय गरी परिचालन व्यवस्था गर्ने।<br>ख) विज्ञ छनोट गर्दा निजको विगतको पेशागत छवि, नैतिक आचरण, अन्तरसम्वन्ध सीप तथा प्रतिवेदन लेखन सीप जस्ता पक्षमा उच्चता कायम भएको व्यक्ति हुनुपर्ने मापदण्डलाई कठोर रुपमा पालना गर्ने। |
| ३ | विज्ञको संख्या | क) मौलिक रुपमा तीन (३) वटा परीक्षा केन्द्र राखिएको १ वटा परीक्षा स्थल (exam venue) अथवा क्याम्पस/विद्यालय भवनमा स्थलगत रुपमा सघन अनुगमनकार्यका लागि एक (१) जना विज्ञ रहने।<br>ख) त्यस्तै दुई (२) वटा परीक्षा केन्द्रहरु राखिएका परीक्षा स्थलका हकमा दुई (२) वटा परीक्षा स्थलहरु स्थलगत रुपमा भ्रमण गरी चार (४) वटासम्म परीक्षा केन्द्रहरुको सघन अनुगमन कार्यका लागि एक (१) जना विज्ञ अनुगमनकर्ता रहने।<br>ग) यिनै आधारमा निर्धारण गरिएका तलको तालिकामा उल्लेखित संख्याका विई अनुगमनकर्ता छनोट गर्नुपर्ने। |
| ४ | पारिश्रमिकको आधार | क) छनोट गरिने विज्ञ स्थानीय वा नजिकको दुरीमा आसपासको जिल्लामा वसोवास गर्ने भएकाले काम गरेको दिनको नेपाल सरकारको उपसचिव कर्मचारीले निमानुसार पाउने एक (१) दिनको दैनिक भ्रमणभत्ता रकम र यातायात खर्च बरावरको रकम हिसाव गरी पारिश्रमिक रकमको स्केल कायम गरिएको। |

नेपाल सरकार शिक्षक सेवा आयोग सानोठिमी, भक्तपुर

| | | |
|---|---|---|
| | | ख) निर्धारित मापदण्ड अनुसार कायम भएको पारिश्रमिक रकम आयोगबाट निकासा गरिने र सो रकम इकाइबाट विज्ञ अनुगमनकर्तालाई सोझै भुक्तानी गर्ने। |
| ५ | विज्ञको कार्य जिम्मेवारी (TOR) | क) शिक्षा विकास तथा समन्वय इकाइबाट तोकिएको परीक्षा स्थलहरुमा सञ्चालित परीक्षा केन्द्रहरुको समग्र परीक्षा सञ्चालन प्रकृयाको अवलोकन र निगरानी, परीक्षाको मर्यादा एवम् स्वच्छता, अवाञ्छित कार्यको अवस्था एवम् सम्भावना, परीक्षा स्थल एवम् कक्षको समग्र भौतिक उपयुक्तता, निरीक्षकबाट परीक्षार्थीलाई प्रदान गरिने पूर्व जानकारी वा मार्गदर्शनको व्यवस्था, निरीक्षकको भूमिका, केन्द्राध्यक्षको सक्रियता, इकाइ वा अन्य निकायबाट भएको परीक्षा निरीक्षणको अवस्था आदि । साथै परीक्षा सम्पन्न भएपछि केही परीक्षार्थीहरुसँग संक्षिप्त अन्तरक्रिया गर्ने।<br>ख) परीक्षाको समग्र अनुगमनकार्य सम्पन्न भए पश्चात तत्काल निरीक्षक वा केन्द्राध्यक्ष वा इकाइका पदाधिकारीलाई पृष्ठपोषण प्रदान गर्नुपर्ने भएमा सोकार्य सम्पन्न गरी अनुगमनका दौरान तयार गरिएको नोट वा अन्य प्रमाणलाई गोप्य राखी परीक्षा सम्पन्न भएको तीन (३) दिनभित्र ईमेलमार्फत बिस्तृत अनुगमन प्रतिवेदन (comprehensive monitoring report) सोझै आयोग समक्ष अनिवार्य रुपमा पेश गर्ने । यो प्रतिवेदन आयोगबाहेक अन्यत्र कतै पेश गर्नु वा प्रयोग गर्न नपाइने।<br>ग) विज्ञ अनुगमनकर्तालाई शिक्षक सेवा आयोगको प्रतिनिधिको मान्यता दिइएकाले निजले आफूलाई सोही अनुरुप सालिन एवम् जिम्मेवार रुपमा प्रस्तुत गर्ने, आफ्नो कारणबाट परीक्षा सञ्चालनमा कुनै प्रकारको हस्तक्षेप वा अवरोध नगर्ने, स्वतन्त्र र स्वच्छ आचरण गर्ने र अनुगमनका क्रममा प्राप्त सूचना वा तथ्यलाई दुरुपयोग नगर्ने।<br>घ) **विषयगत** परीक्षा ३ घण्टाको हुने भएकाले तोकिएका परीक्षा स्थल र परीक्षा केन्द्रहरुमा स्थलगत भ्रमण गर्न समयको व्यवस्थापनमा विशेष ध्यान दिने र परीक्षा केन्द्रहरुमा समय सन्तुलित हिसावले दिनेगरी कार्य तालिका निर्माण गर्ने । अनुगमनका क्रममा कतिपय परिक्षा केन्द्रमा परीक्षा शुरु हुनुभन्दा १५ मिनट अगाडि र १५ मिनट पछिसम्मको अवस्थालाई समेत समेट्ने गरी कार्य योजना वनाउने।<br>ङ) सम्भव भएसम्म आफ्नो रोहवरमा उत्तरपुस्तिका सिलबन्दी गर्ने कार्य सुनिश्चित गर्न केन्द्राध्यक्षसँग आवश्यक समन्वय गर्ने। |
| ५ | इकाइ (EDCU) को भुमिका | क) तालिकामा प्रदान गरिएको आधारमा निर्धारित संख्या अनुसार तोकिएको मापदण्ड वमोजिम विज्ञ अनुगमनकर्ता छनोट गर्ने र परीक्षा समन्वय समितिबाट सोको निर्णय गराउने।<br>ख) परीक्षाको समयभन्दा कम्तिमा दुई (२) घण्टा अघि अथवा परीक्षा केन्द्रहरुको दुरीका आधारमा सोभन्दा अगावै तर परीक्षा कै दिन इकाइको कार्यालयमा बोलाई विज्ञको कार्य जिम्मेवारी (TOR) का सम्वन्धमा सघन अभिमूखीकरण गर्ने।<br>ग) तालिकामा तोकिएका आधारमा विज्ञलाई परीक्षा केन्द्र तोक्ने, अनुसूची-१ अनुसारको ढाँचामा विज्ञहरुलाई नियुक्ति पत्र प्रदान गर्ने र आवश्यक परेको अन्य सहजीकरण गर्ने र परीक्षा सम्पन्न भएपछि विज्ञलाई पारिश्रमिक रकम भूक्तानी गर्ने।<br>घ) इकाइका कर्मचारी अथवा विज्ञ अनुगमनकर्तामध्ये एक जनाको रोहवरमा उत्तरपुस्तिका सिलबन्दी गर्ने कार्य सुनिश्चित गर्न आवश्यक समन्वय गर्ने। |
| ६ | आयोगको भूमिका | क) स्वतन्त्र परीक्षा अनुगमनका लागि कार्यव्यवस्था मापदण्ड (Monitoring Operation Standard) तयार गरी जारी गर्ने, आवश्यक बजेट निकासा गर्ने, परीक्षा सञ्चालनका |